अनुसूची – १

(दफा ३ को प्रयोजनको लागि)

नेपाल सरकार

राष्ट्रिय भूमि आयोग

र

लोमन्थाङ.........गाउँपालिका /नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका

मुस्ताङ.... जिल्ला गण्डकी.... प्रदेश बिच भएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गर्ने र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमा

## कार्य सहमति पत्र

नेपाल सरकार राष्ट्रिय भूमि आयोग, काठमाडौं (यसपछि "आयोग" भनिएको) र लोमन्थाङ गा.पा.........(यसपछि स्थानीय तह भनिएको) बिच भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नका लागि भूमि सम्बन्धी ऐन, २०२१, भूमि सम्बन्धी नियमहरु, २०२१, राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ र अन्य प्रचलित कानूनमा भएका व्यवस्था अनुरुप तपसिल बमोजिमको कार्य गर्न आयोग र स्थानीय तह दुवै पक्ष एक आपसमा मञ्जुर भई यस कार्य सहमति पत्रमा अधिकार प्राप्त अधिकारीबाट हस्ताक्षर गरी एक/एक प्रति लियौं, दियौं।

### तपसिल

**१. स्थानीय तहको जिम्मेवारीहरु:**

(क) राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ६ को खण्ड (ग) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरणको काम गर्ने, प्रत्येक स्थानीय तहले बस्तीको तहगत क्षेत्र तोकी नसकेको भए दफा ६ को उपदफा (२) बमोजिम हुने गरी तोक्ने

(ख) स्थानीय तहले आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले बसोवास वा आवाद कमोत गरेका बस्तीहरुको विवरण, प्रत्येक बस्तीका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको अनुमानित घर परिवार संख्या लगायत अनुसूची-२ बमोजिमको ढाँचामा वडा अनुसारको प्रारम्भिक विवरण पेश नगरेको भए तत्काल तयार गरी आयोग समक्ष पेश गर्ने,

(ग) लगत संकलनका लागि वडाका विभिन्न स्थानहरु निर्धारण गर्न र आवश्यक व्यवस्थापकीय प्रबन्ध गर्ने,

(घ) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन निवेदन दर्ता भएको जानकारी स्वरूप तथ्याङ्क प्रविष्टि भए पछि अनुसूची - ६ बमोजिमको निस्सा भरी तत्काल निवेदकलाई बुझाउने व्यवस्था मिलाउने,

(ङ) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) बमोजिमको भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने र उपदफा (२) बमोजिमको भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्न सहयोग गर्ने,

(च) लगत संकलन कार्यका लागि सेवा केन्द्र प्रमुख तथा तथ्याङ्क संकलक, तथ्याङ्क प्रविष्टिकर्ता, नापी कामदार/फिल्ड-सहयोगी/जन्जिरदार तथा आवश्यक अन्य जनशक्ति व्यवस्थापन गर्ने र नापी कार्यालयबाट खटिएका नापी टोलीको कार्यकक्ष व्यवस्थापन गरी आवश्यक पूर्वाधारहरु (कम्प्युटर, प्रिन्टर, स्क्यानर आदि) सहितको "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र" गठन गर्ने तथा सो सेवा केन्द्रको संलग्न ढाँचा बमोजिमको साइनबोर्ड रहने,

(छ) नापी कार्यालयबाट गठन गरिएका नापी टोलीमा रहने गरी नापनक्शा सम्बन्धी कार्य गर्न थप नापी प्राविधिकको व्यवस्था गर्ने र सेवा केन्द्रमा स्थानीय तहले सेवा करार गरेका जनशक्तिको तलब भत्ता लगायतका सुविधा स्थानीय तहले बेहोर्ने,

(ज) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र प्रमाणीकरणको क्रममा स्थानीय तहले कुनै शूल्क वा दस्तुर नलिने,

(झ) लगत संकलन तथा प्रमाणीकरणको कार्य व्यवस्थित र निर्धारित समय भित्र सम्पन्न गर्नको लागि कार्ययोजना तयार र बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउने। सो कार्ययोजनाको एक प्रति आयोग वा जिल्ला समितिलाई उपलब्ध गराउने,

(ञ) आयोग वा जिल्ला समितिसँग समन्वय गरी कार्यपालिकाका पदाधिकारी र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र व्यवस्थापन सेवा केन्द्रमा रहने कर्मचारीलाई अभिमुखीकरण गर्ने व्यवस्था मिलाउने,

(ट) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन र प्रमाणीकरणको क्रममा स्थानीय तहलाई कुनै द्विविधा भएमा आयोगसँग परामर्श गरी काम गर्ने,

(ठ) कुनै जग्गा आवाद कमोत नगरेका वा वितरण गर्न नमिल्ने जग्गामा बसोबास, आवाद कमोत गरेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई उपलब्ध गराउन सकिने जमिन पहिचान गरी नापनक्सा गर्न स्थानीय तह मार्फत जिल्ला समितिलाई सिफारिस गर्ने,

(ड) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित वसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी ऐन, २०२१ र भूमि सम्बन्धी नियमहरु, २०२१, राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ र आयोगद्वारा निर्णय भई जारी भएका कार्यविधिहरुमा स्थानीय तहले गर्ने भनी तोकिएका कार्य गर्ने ।

२. आयोगको जिम्मेवारीहरु :

(क) आयोगले जारी गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरणको लागि आधार र मापदण्ड, आवश्यक कार्यविधिहरु उपलब्ध गराउने,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-३ र ४ अनुसारको ढाँचाको निवेदन फाराम उपलब्ध गराउने,

(ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क प्रविष्टि गर्नको लागि प्रणाली (System) उपलब्ध गराउने,

(घ) सम्बन्धित नापी कार्यालयमार्फत जग्गा नापनक्सा गर्न नापी टोली खटाउने,

(ङ) ऐन, नियमावली, गठन आदेश र कार्यविधिमा तोकिए बमोजिम अन्य आवश्यक व्यवस्थापकीय कार्य गर्ने।

३. दुवै पक्षले गर्नुपर्ने:

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई वितरण र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने जग्गाको पहिचान र छनौट गर्ने,

(ख) सहमति पत्रमा आवश्यक संशोधन गर्ने,

(ग) सहमति पत्रका बुदाँहरुमा उल्लिखित शर्तहरु सहमति पत्रमा दुवै पक्षको हस्ताक्षर भएपछि कार्यान्वयनमा आउने र यो समझदारी पत्रको अवधि उद्देश्य बमोजिमको काम सम्पन्न नभएसम्मको लागि हुनेछ।

(घ) विघटित भूमि सम्बन्धी समस्या समाधान आयोगसँगको समझदारीमा भए गरिएका कार्यहरु यो कार्य सहमति पत्रमा हस्ताक्षर गरेपश्चात यसै कार्य सहमति पत्र बमोजिम भए गरेको मानिनेछ।

| स्थानीय तहको तर्फबाट: | आयोगको तर्फबाट : |
| --- | --- |
| दस्तखत : | दस्तखत: |
| नाम: | नाम: केशव निरौला |
| पद : अध्यक्ष | पद : अध्यक्ष |
| कार्यालयको छाप : | कार्यालयको छाप: |
| मिति: २०७८/०५/१९ | मिति: |
| रोहवर : | रोहवर : |
| दस्तखत : | दस्तखत: |
| नाम: | नाम: अमिर प्रसाद न्यौपाने |
| पद : प्र. प्र. अ. | पद : सदस्य-सचिव |
| मिति: २०७८/०५/१९ | मिति: २०७८/०५/१९ |